# तानसेन नगरपालिका नगरकार्यपालिकाको कार्यालयको कर तथा शुल्क संकलन सम्वन्धि सिलवन्दी दरभाउपत्र आव्हानको सुचना

**प्रथम पटक प्रकाशित मिति: २०७८।०४।१२**

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ६१, ६२, एवं तानसेन नगरपालिकाको आर्थिक ऐन २०७८ बमोजिम तानसेन नगर क्षेत्र भित्रबाट निकासी हुने जडिबुटी कवाडी, जीवजन्तुकर, नगर क्षेत्र भित्रबाट निकासी हुने माटोको निकासी शुल्क, रानी महल प्रवेश शुल्क र श्रीनगर पार्क प्रवेश शुल्क भ्यूटावर समेत, वनभोज शुल्क तोकिएको दररेटमा (चालु आ.व.को बाँकी अवधि सम्म) संकलन गर्नका लागि १५ दिनको म्याद राखी यो दरभाउपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ । योग्य, ईच्छुक संस्था/फर्म/कम्पनीले निर्धारित समय भित्र दरभाउपत्र पेश गर्नु हून अनुरोध गरीन्छ ।

१. वोलपत्र/दरभाउपत्र चाहने फर्म/कम्पनीले यस कार्यालयबाट पछि फिर्ता नहुने गरी तोकिएका दस्तुर तिरी वोलपत्र/दरभाउपत्र फारम खरिद गर्न सकिने छ ।

२. **वोलपत्र/दरभाउपत्र फारम खरिद गर्ने मिति :** सुचना प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समय भित्र ।

३. **सिलवन्दी वोलपत्र/दरभाउपत्र दाखिल गर्ने मिति :** आ.व. २०७७/०७८ सम्मका लागि नवीकरण भएको फर्म/कम्पनीको ईजाजतपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र, २०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी साथै खरीद भएको दरभाउपत्रको सुचना प्रकाशन भएको मितिले १६औं दिनको १२ बजे सम्म । उक्त दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट सोही समय भित्र रितपुर्वक पेश गर्नु पर्नेछ ।

४. **वोलपत्र/दरभाउपत्र खोल्ने समय :** सूचना प्रकाशित भएको मितिले १६औं दिनको २ वजे दरभाउपत्र/वोलपत्रदाता र कार्यालय प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्र दाता उपस्थित नभएमा पनि दरभाउपत्र/वोलपत्र खोल्न वाधा पर्ने छैन ।

५. प्राप्त सिलवन्दी दरभाउपत्र/वोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ

६. दरभाउपत्र/वोलपत्र स्वीकृत भएमा पट्टा लिनु अगावै ठेक/कवोल अकंको ५०% रकम अग्रीम बुझाउनु पर्नेछ र बाँकी ५०% रकमको लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको जमानी पत्र (परफरमेन्स वण्ड) मिति २०७९ साल असार मसान्त सम्म म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्ने छ ।

७. दरभाउपत्र/वोलपत्र स्विकृत भै सम्झौता भए पश्चात चलन चल्ती गर्ने जिम्मा दरभाउपत्रदाता/वोलपत्रदाता /ठेकेदारको हुनेछ ।

८. तोकिएको दर प्रदेश कानुन तथा तानसेन नगरपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ ।

९. **उठाउने तरिका :** नगरपालिकाले तोकेको स्थानमा उठाउने, कर/शुल्कको दरको विवरण सवैले देख्ने गरी होर्डिङ वोर्ड राखेर मात्र कर/शुल्क असूल गर्नु पर्नेछ । कर/शुल्क रकम लिए पछि सम्बन्धित करदातालाई नगरपालिकाबाट प्रमाणित गरिएको रसिद अनिवार्य रुपमा दिनु पर्नेछ ।

१०. नगरपालिकाबाट लगाइएका आन्तरिक आय ठेक्कामा ठेक्का स्वीकृत भै भोगचलन गरेपछि कुनै किसिमको मिनाहा छुट दिइने छैन ।

११. ठेक्का अवधि कार्यदेश पाएको मिति देखि २०७९ साल असार मसान्त सम्मको लागि मात्र हुने छ ।

१२. ठेक्का स्वीकृत भएका ठेकेदारले ठेक्का संझौता गर्नु अगावै पेश गर्नू पर्ने बैंक जमानत वा अन्य कागजातहरु तोकिएको समय भित्र पेश नगरेमा निजको नामको ठेक्का तोडी क्रमश: दोश्रो, तेश्रो क्रमका बोलपत्रदातालाई ठेक्का सम्झौता गराईनेछ ।

१३. ठेक्का अंक रकम एकमूष्ठ अग्रिम बुझाएमा ५% छुट दिईनेछ तर सो छुट दिदा ठेक्का अंकको न्यूनतम रकम भन्दा कम हुने गरि घटाईने छैन ।

१४. ठेक्का सम्झौता गर्दा कवोल गरेको अंकको ५% ले हुन आउने रकम धरौटी वापत रा.बा.बैंक पाल्पा शाखामा रहेको धरौटी खाता नं. ३०३०१००३०३००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्ने छ ।

Scanned with CamScanner

१५. विस्तृत जानकारीको लागि कार्यालय समय भित्र तानसेन नगरकार्यपालिका कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

<u>दरभाउपत्र विवरण</u>

| ठेक्का नं. | कामको विवरण | न्युनतम ठेक अंक (भ्याट वाहेक) रु. | वोलपत्र/दरभाउ पत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ER/ 04/078/079 | जडिबुटी कवाडी, जीवजन्तुकर संकलन | १०,००,००० | रु. १०००।०० | दरभाउपत्र |
| ER/ 05/078/079 | नगर क्षेत्र भित्रबाट निकासी हुने माटोको निकासी शुल्क संकलन | १०,००,००० | रु. १०००।०० | दरभाउपत्र |
| ER/ 06/078/079 | रानी महल प्रवेश शुल्क संकलन | ७,१०,००० | रु. १०००।०० | दरभाउपत्र |
| ER/ 07/078/079 | श्रीनगर पार्क प्रवेश शुल्क भ्यूटावर समेत, वनभोज शुल्क संकलन तथा व्यवस्थापन | २०,००,००० | रु. १०००।०० | दरभाउपत्र |
| ER/ 08/078/079 | विज्ञापन कर संकलन | ३,७०,००० | रु. १०००।०० | दरभाउपत्र |

...................................

तानसेन नगरपालिकाकार्यालय

Scanned with CamScanner